# सबैला नगरपालिकाको तेह्रौं नगर सभा

## आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम

# सबैला नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सबैला, धनुषा

मधेश प्रदेश, नेपाल

**सबैला नगरपालिकाका नगर प्रमुख तथा नगरसभाको सभाध्यक्ष श्री कारीराम यादवद्वारा आ.व. २०८२।०८३ को लागी तेह्रौं नगरसभा समक्ष मिति २०८२।०३।१० गते प्रस्तुत गरिएको**

# नीति तथा कार्यक्रम

यस गरिमामय नगर सभामा सबैला नगरपालिकाको तर्फबाट सम्पूर्ण नगर सभा सदस्यज्युहरु लगायत उपस्थित सबैमा सबैला नगरपालिकाको म सभाध्यक्ष तथा नगर प्रमुखको तर्फबाट हार्दिक स्वागत गर्दछु ।

सबैला नगरकार्यपालिकाको तर्फबाट तेह्रौं नगर सभाको प्रथम बैठकमा आउँदो आर्थिक वर्ष २०८२।०८३ को निति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म अत्यन्त खुशी र हर्षित भएको छु ।यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली प्राप्ति तथा राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्श, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवं शहीदहरु तथा वेपता र पिडित नगरिकहरुलाई सम्मान गर्दै, विभिन्न काल खण्डमा आफ्नो अमूल्य जिवन उत्सर्ग गर्नुहुने ज्ञात, अज्ञात सम्पूर्ण महान शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पन गर्न चाहन्छु ।नेपालको राष्ट्रियता, अखण्डता, स्वाधिनता र लोकतन्त्रको प्राप्तिको अभियानमा नेतृत्व प्रदान गर्ने हाम्रा वीर पुर्खा तथा अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दै अग्रगामी परिवर्तनमा उहाँहरुले पुऱ्याउनु भएको योगदानको स्मरण गर्न चाहन्छु।

सिमित स्रोत र साधनको महतम उपयोग गरी सबैला नगरपालिकालाई समृद्ध र सुखी बनाउने काममा विभिन्न समयमा महत्वपूर्ण उपलब्धी हासिल गर्ने सुरुवात भएको छ । तथापी जनताको माग र जिवनस्तरमा परिवर्तन ल्याउन बहुआयामिक कामहरु गर्न बाँकी नै रहेको परिपेक्षमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम अबलम्बन गरेको छु ।

आदरणीय उपस्थित महानुभावहरु अब म नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## समग्र क्षेत्रगत निति तथा आधारहरु

सबैला नगरपालिकाको लक्ष्य तथा उदेश्य हासिल गर्नका लागी निम्नानुसार क्षेत्रगत नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

### १) सामान्य प्रशासन नीति

क. वडा कार्यालयबाट दिइने सम्पूर्ण सेवाहरु उपलब्ध गराउनका लागि आवश्यक जनशक्ति र पूर्वाधारको व्यवस्था गरिने छ ।

ख. नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुका लागी क्षमता विकास कार्यक्रम संचालन गरिने छ ।

ग. यस नगरपालिका अन्तर्गत करार सेवामा कार्यरत कर्मचारीहरुको का.स.मु. को आधारमा एक वर्षसम्मको लागि करार म्याद थप गरिनेछ ।

घ. नगरपालिकाबाट प्रवाह हुने सेवाहरुलाई पारर्दशी र व्यवस्थित बनाउन नगारिक सहायता कक्षवेवसाईट ,नागरिक वडा पत्र , र अन्य आधुनिक प्रविधिहरुको प्रयोग गरिने छ ।

ङ. नगरपालिकाबाट प्रवाह हुने सेवा लाई एक द्वार प्रणाली मार्फत सेवा दिईने छ ।

च. नगरपालिकाबाट दिईने सेवाहरु जनता सम्म पहुचका लागी समय समयमा सेवा प्रवाहका घुम्ति टोलीहरु परिचालन गरिने छ ।

### २) राजस्व तथा आर्थिक प्रशासन नीति

क. सबैला नगरपालिका भित्र सञ्चालित सबैखालका साना उद्योग तथा खुद्रा व्यवसायहरुलाई अतिनै सुलभ तरिकाले करको दायरा भित्र ल्याई संकलित राजस्वलाई बैज्ञानिक ढङ्गबाट बाँडफाड गरि स्थानिय हाटबजार प्रवर्धन तथा निज व्यावसायीहरुको सिप तथा क्षमता विकासमा खर्च गरिने निति यस सबैला नगरपालिकाले लिएको छ ।

ख. करदाताहरुले कर तिर्न अव नगरपालिकको केन्द्रीय कार्यालय धाय राख्ने झन्झटबाट मुक्त गरी लगभग सबैखालका करहरु वडा कार्यालयमै तिरि सेवा लिन सक्ने गरी जनशक्ति र प्रविधिको विकास गरिने छ ।

ग. अगामी आ.व.२०८२।०८३मा यस सबैला नगरपालिकाका उपयुक्त ५ ठाँउमा अत्याधुनिक चिल्ड्रेन पार्क तथाव्यायामशाला निर्माण गरी प्रवेश शुल्कको रुपमा राजस्व संकलन गरिनेछ ।

घ. अतिक्रमण गरिएको सार्वजनिक सम्पत्तिहरुलाई अभिलम्व अतिक्रमण मुक्त गरी संरक्षण गरिनेछ ।

ङ. नेपाल सरकारले लिएको डिजिटल नेपालको संकल्पलाई यस सबैला नगरपालिकाले कर सेवालाई सरलीकरण गरी अनलाइन सेवाको विस्तार एवम् स्वचालित सेवा प्रवाहलाई दृढताका साथ अगाडि बढाइनेछ ।

**३) सुशासन तथा संस्थागत विकास सम्बन्धि नीति**

क. संघीय सरकार प्रदेश सरकार स्थानीय सरकार बीच सह अस्तित्व सहकार्य र समन्वय को सिद्धानत अवलवन गरिनेछ ।

ख. नगर कार्यपालिकाको कार्य वित राजस्व क्षमता खर्चको आकार स्थानीय आवश्यकता लाई ध्यानमा राखी संगठन लाई व्यवस्थापन सर्वेक्षण का आधारमा विषयगत शाखा वा महाशाखाको संगठन संरचना तयार गरीने छ ।

ग. स्थानिय सेवाको गठन संचालन व्यवस्थापन तथा सेवाको शर्त तथा सुविधा सम्बन्धी कारन निर्णय गरीने ।

घ. सेवा प्रवाहलाई छिटो, छरितो, सरल, सहज, पारदर्शी, गुण्स्तरीय र सूचना प्रविधि मैत्री बनाइनेछ ।

ङ. न्यायिक समिति को कार्य सम्पादन लाई थप सुदृढीकरण गरीने छ ।

च. राजस्व संचालनलाई प्रविधि मैत्री बनाई समयसामुहि सुधार गरीने छ ।

छ. नगरपालिकाबाट सम्पादन गरीने कार्य यतिव्यापी प्रभावकारी समिति र कार्य क्षमताको दंग्रवाट सम्पादन गर्न आन्तरीक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गरीने छ ।

ज. सेवा प्रवाहमा यस प्रभावकारीता तथा शासन प्रवर्धन गर्न नगरपालिकाको कर्मचारी लाई स्थानीय प्रोत्साहन सुविधा प्रदान गर्न सम्वन्धि कारन वनाई लागु गरीने छ ।

झ. सरकारी र गैर-सरकारी सामुदायिक संघसंस्था तथा निजी क्षेत्र सँग आवश्यक समन्वय समझदारी गरीने छ ।

ञ. नगरपालिका क्षेत्र भित्रका आफ्नो क्षेत्राधिकारमा रहेका समपतिहरुको रेख देख तथा मर्मत सम्भार को आवश्यक प्रवन्ध मिलाइनेछ ।

ट. उपभोक्ता समिति मार्फत संचालीत योजनाहरुमा शुन्य पेश्की को नीति अवलम्वन गरीने छ ।

ठ. नगरपालिका कार्यालयमा डिजीटल नागरीक वडापत्र तथा वडा कार्यालयहरुमा नागरीक वडापत्र, सुझाव पेटिका र सुचनापाटी राखिनेछ ।

ड. राजस्व संचालन कार्यलाई चुस्त दुरुस्त र प्रभावकारी वनाउन सक्ने प्रणाली अवलम्वन गरीने छ ।

ढ. सबै कर्मचारीहरुका लागि क्षमता अभिवृद्धि कार्यक्रमहरु संचालन गरीने छ ।

ण. नगरपालिका अर्न्तगत सबै वडाहरुलाई विधुतीय संचारसँग आवरु हुने आवधारणा र सेवाहरु गरिनेछ ।

त. नगरपालिकामा भएका निर्णयहरु विधुतीय माध्यमहरु बाट अभिलेखिकरण गरी सार्वजनिक गर्ने नीति गरिनेछ ।

थ. उतकृष्ट कार्य गर्ने कर्मचारीलाई पुरस्कारको व्यवस्था गरीने छ ।

द. लेखा समितिलाई सक्रिय वनाईने छ ।

ध. नगर प्रहरी को व्यवस्था गरीने छ ।

न. कार्यालयमा कर्मचारी हरुले अनिवार्य ड्रेस लगाउने व्यवस्था गरीने छ ।

ऩ. अघिल्लो वर्षका योजनाहरुको समिक्षागत छलफल गरी भावी योजना वनाइने छ ।

प. संस्थागत विकासको लागि विभिन्न स्थानहरुमा अवलोकन भ्रमण गर्ने नीति लिइनेछ ।

फ. यस नगनरपालिका क्षेत्र भित्र रहेको सवै सरकारी गैर सरकारी संघ संस्था बाजार तथा अन्य क्रियाकलापहरुको नियमित अनुगमन तथा नियमन गरिनेछ ।

ब. नगरपालिकावाट विनियोजित वजेट सम्बन्धि वडा कार्यालयवाट सम्झौता गरी योजना संचालन गर्न नीति लिइनेछ ।

भ. वजेट विनियोजन गर्दा भुगोल जनसंख्या र विभिन्न सुचकहरुको आधारमा विनियोजन गर्ने नीति लिईने छ ।

## ४) सामाजिक सुरक्षा नीति

क. वृद्ध, असहाय फरक क्षमता भएका नागरिक तथा ,एकल महिला , बालबालिकाको हितमा सामाजिक सुधार एवं कल्याणकारी कार्यक्रम संचालन

ख. सामाजिक सुरक्षा भत्तालाई बैंकिङ्ग प्रणाली द्वारा भत्ता वितरण कार्यमा जन- रभावकारी कार्यक्रम गरिनेछ ।्प

ग. सामाजिक सुरक्षा वितरणको अनुगमनलाई अझ प्रभावकारी बनाईने छ ।

घ. नगरपालिका वडाहरुमा परिचयपत्र अध्यावधिक तथा सघन अनुगमनलाई प्राथमिक्ताका साथ अगाडी बढाईने छ ।

ङ. सामाजिक सुरक्षा भत्ता वितरणका लागी थप बैंकको व्यवस्था मिलाई लाभाग्राहीहरुलाई भत्ता प्राप्त गर्न सहजिकरण गरिनेछ ।

च. सामाजिक सुरक्षा भत्ताको लागी राष्ट्रिय परिचयपत्र अनिवार्य भएकोले भत्ता प्राप्त गर्नेहरुलाई विशेष प्राथमिक्ता दिई सहकार्यमा टेवा पुर्याउने छ ।-

छ. घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता लगायत अन्य कार्यको लागी सबै वडा कार्यालयमा अनलाईन प्रणालीलाई प्रभावकारी बनाइने छ ।

ज. घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता लगायतको कार्यको आवश्यक जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

झ. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नको लागि वायोमेट्रिक द्वारा जैविक प्रमाणिकरण हुने भएकोले सेवा प्रवाहमा सहजता ल्याउन आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

ञ. ९० वर्ष माथिका जेष्ठ नागरिक, पूर्ण अपाङ्ग भएका व्यक्ति, आफ्नो हेरचाह आफै गर्न नसक्ने लाभग्राहीको हकमा संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्ने व्यवस्था भएकोले लाभग्राहीको अनुरोधमा संरक्षकको संयुक्त दस्तखतबाट संयुक्त खाता सञ्चालन गर्न र सो पनि सम्भव नभएका लाभग्राहीको हकमा संरक्षकको दस्तखतबाट मात्र पनि खाता सञ्चालन गरी भत्ता प्राप्त गर्न सकिनेछ ।

ट. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीले प्रत्येक आर्थिक वर्षको श्रावण र भाद्र महिना मसान्त भित्रमा सम्बन्धित वडा कार्यालयमा आफै उपस्थिति भई आफ्नो परिचयपत्र नविकरण गर्नुपर्नेछ।

## ५) पूर्वाधार विकास नीति

क. कमला नदीको आ.व. २०८२।०८३ को लागि बालुवा, गिट्टी उत्खनन गरी ठेक्का लगाउने व्यवस्था गरिनेछ ।

ख. भवन निर्माण गर्न पुर्व अनिवार्य रुपमा नक्सा पास गराउनुपर्ने व्यवस्था गरिनेछ ।

ग. आ.व. २०८१।०८२ मा लागेको सम्पूर्ण ठेक्कालाई आ.व. २०८२।०८३ भित्र सम्पन्न हुने गरी म्याद थप गर्ने व्यवस्था गरिनेछ ।

## ६) कृषि नीति

क. यस नगरपालिका क्षेत्र भित्रका किसानहरुलाई समूहमा आवद्ध गरी प्रत्येक समूहलाई विस्तारै सिचाईका श्रोत साधनहरु उपलब्ध गराईनेछ । साथै प्रत्येक किसानलाई अनलाईन प्रणालीमा सूचिकृत गरी किसान परिचय पत्र समेत उपलब्ध गराईनेछ ।

ख. यस नगरपालिका भित्रका किसानहरुले उन्नत किसिमको बिऊ उत्पादन गर्दा २५% र मलखाद उत्पादन गर्दा नगरपालिकावाट ५०% लागत अनुदान सहयोग गरिनेछ ।

ग. नगरपालिकामा बार्षिक कृषि मेला आयोजना गरिनेछ र उत्कृष्ट कृषकलाई प्रोत्साहन गर्न पुरस्कारको व्यवस्था गरिनेछ । यसमा पुरस्कृत हुने कृषकलाई

कृषिमा बृहत्तर प्रगति गरेको ठाउँ पहिचान गरी सो ठाउँको लागी कृषि भ्रमण आयोजना गरिनेछ ।

घ. नगरपालिका भित्र सहकारीहरु सँग साझेदारीमा धान प्रशोधन उद्योग निर्माणलाई निरन्तरता दिदै, बास्मती धान प्रशोधित गराईने र नगरपालिकाको पहिचान खुल्ने गरी सामुदायीक ट्रेडमार्क दर्ता गरी बजारिकरण गरिनेछ । यसमा किसानहरुले आफ्नो उत्पादनको उचीत मुल्य पाउने सुनिश्चित गरिनेछ ।

ङ. कृषि र पशु बिमा कार्यक्रम अगाडी बढाईने छ ।

च. यस नगरपालिका बाट दिदै आएको कृषि मिटरको बिल भुक्तानीलाई आगामी दिनहरुमा समेत निरन्तरता दिईने छ ।

छ. नसल सुधार गरी उत्पादनमा वृद्धि गराइनेछ । ।

ज. पशुमा महामारी रोगको नियन्त्रन तथा रोकथाम गरिनेछ।

झ. माटो परिक्षण गरी उर्वराशक्ति बढाउन कृषकहरुलाई आवश्यकता अनुसार हरियो मलको बिऊ बितरण गरिनेछ ।

ञ. कृषिमा लागत कम गर्नलाई आन्तरिकिकरण गरिनेछ ।

ट. सबैला नगरपालिका भित्र पर्ने खाली र सार्वजनिक पोखरीहरुको डिलमा बृक्षारोपन गरिनेछ ।

ठ. उतकृष्ट पशुपालक कृषकलाई सम्मान गरिनेछ ।

ड. प्रत्येक बर्ष अषार १५ गते धान दिवस मनाइनेछ ।

ढ. प्रत्येक वडामा नसल सुधारको लागि बिउबोका बितरण गरिनेछ ।

ण. बिऊ, धान, गहु उतपादन गर्ने समुह गठन गर्ने।

## ७) उद्यमशिलता विकास नीति

क. अति विपन्न तथा पिछडिएका वर्ग, महिला, दलित, आदीवासी, जनजाती व्यक्तिहरुलाई व्यवसाय सम्बन्धि तालिम प्रदान गरी उद्यमी सृजना गरीने छ ।

ख. नयाँ उद्यमी सिर्जना गरी व्यवसाय प्रवर्धनमा जोड दिदै रोजगारीको अवसर सृजना गराईने छ।

ग. लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि अभिमुखीकरण गराउदै व्यवसायमा प्रवर्धन गराईनेछ ।

घ. थौरै पुँजी लगानीमा व्यवसाय गर्न लगाई खेर गईरहेको स्थानिय श्रोत साधनको उपयोगिताबारे सचेत गराउदै व्यवसायमा संलग्न गराईनेछ ।

ङ. विपन्न वर्गहरुलाई लघु उद्यम व्यवसायमा संलग्न गराई विपन्नताका कारण समाजमा भइरहेका विभिन्न अपराधिक क्रियाकलाप तथा महिला हिंसामा न्युनिकरण गराईनेछ ।

च. महिला उद्यमशिलता विकास कोष निमार्ण गरी संचालन गराईनेछ ।

छ. लघु, घरेलु तथा साना उद्योगका लागि महिला उद्यमीलाई सरल सहज ढङ्गले बिना धितो कर्ज उपलब्ध गराईनेछ र उद्यमशिलताको माध्यमबाट महिलाहरुको आर्थिक तथा सामाजिक स्तर विकास विस्तार एवमं प्रवर्धन गरी जिवनस्तर उकास्नका लागि सहयोग पुर्याईनेछ ।

ज. लघुउद्यमको माध्यमबाट घरेलु तथा साना उद्योगको माध्यम द्धारा महिला तथा पुरुषलाई उद्योग व्यवसाय संचालन प्रक्रियामा संलग्न गराईनेछ ।

झ. लघुउद्यमीहरुका उत्पादन स्थानिय बजारमा मागको वृद्धि गराउन सहजिकरण गरिनेछ ।

ञ. न्यून आय भएका भुमिहिन कृषक तथा उनीहरुका परिवारहरुलाई रोजगारी सृजना गरी जिवनस्तरमा सुधार ल्याउन सहयोग पुर्याईनेछ ।

ट. स्थानिय क्षेत्रमा स्वदेशी तथा विदेशी लगानीमा वृद्धि गरी रोजगारीका अवसरहरु सृजना गरिनेछ ।

ठ. स्तरोन्नती अर्न्तगत पुराना उद्यमीहरुको आवश्यक्ता पहिचान गरी आवश्यक तालिम , अन्यत्र स्थानमा रहेका सफल परियोजनाहरुमा भ्रमण तथा प्रविधि हस्थान्तण गरी उनीहरुको आवश्यक्ताको परिपुर्ति गर्दै व्यवसाय विस्तार तथा प्रवर्धनमा जोड दिईनेछ ।

ड. साझा सुविधा केन्द्र स्थापना तथा सौगात गृहको स्थापना गरी जातिय विभेद न्यूनिकरण गराउदै सामुहिक एकता तथा मेलमिलाप कायम गरी लघुउद्यमी

नगर विकासमा तिर्वताका साथ लागि पर्दै लघुउद्यमकै नमुना नगरपालिका बनाउनमा जोड दिईनेछ ।

## ८) स्वास्थ्य नीति

क. यस सबैला नगरपालिकामा प्राथमिक स्वास्थ्य केन्द्र सबैलालाई १५ शैया सहितको आधारभूत अस्पतालमा स्तरोन्नति गरिने छ ।

ख. हाल संसारभरी नसर्ने रोगहरु महामारी कै रुपमा फैलिरहेको अबस्थामा उच्च रक्तचाप, मोटापा र मधुमेह जस्ता रोगहरुको नियन्त्रणको लागि परिक्षण अभियान संचालन गरिने छ ।

ग. नव शिशु मृत्यु दर र मातृ मृत्यु दर कम गर्न स्वास्थ्य संस्थामा सुत्केरी हुनेको संख्या बढोस भन्ने नीतिका साथ संस्थागत सुत्केरी हुने आमाहरु लाई नगरपालिका को स्रोत बाट थप यातायात र पोषण प्याकेज उपलब्ध गराईने छ ।

घ. सबैला नगरपालिका को वडा नं. ९, १० र १२ मा २४ घन्टे सुबिधा सहितको बरथिंग सेन्टर संचालन गरिने छ ।

ङ. सबैला नगरपालिका लाई पूर्ण खोप युक्त नगरपालिका कायम राख्न खोप सम्बन्धि बिभिन्न क्रियाकलापहरु संचालन गरिने छ ।

च. सबैला नगरपालिका भित्र प्राथमिक स्वास्थ्य केन्द्र सबैला बाट उच्च रक्तचाप, मधुमेह, कोलेस्ट्रोल भएका दीर्घ रोगीहरुको लागि वितरण भई रहेको १० किसिमका औषधि वितरण लाई पहिचान कार्ड बनाई निरन्तरता दिइने छ ।

छ. सबैला नगरपालिका भित्र निःशुल्क बिशेषज्ञ स्वास्थ्य शिविरहरु संचालन गरिने छ ।

ज. प्राथमिक स्वास्थ्य केन्द्र सबैलामा संचालित २४ घन्टे इमर्जेन्सी सेवा लाई प्रभावकारी रुपमा संचालन गर्न थप चिकित्सकहरु र स्वास्थ्यकर्मीहरुको ब्यवस्थापन गरिने छ ।

झ. कर्मचारी अभावमा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुले दिने सेवा प्रभावित भई राखेको ले सबैला नगरपालिका को वडाहरुमा संचालित आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुमा दक्ष कर्मचारीहरुको व्यवस्थापन गरिने छ ।

ञ. महिला स्वास्थ्य स्वयम् सेविकाहरु लाई प्रोत्साहन स्वरूप दिदै आएको थप यातायात खर्च लाई निरन्तरता दिईने छ ।

ट. सबैला नगरपालिका भित्र क्षयरोगका बिरामीहरुको अत्याधिक चाप लाई मध्य नजर गरि क्षयरोग सम्बन्धि बिभिन्न क्रियाकलापहरु गरिने छ ।

ठ. प्राथमिक स्वास्थ्य केन्द्र सबैला मा संचालित जनस्वास्थ्य प्रयोगशाला को सेवालाई अझै प्रभावकारी बनाईने छ ।

ड. सबैला नगरपालिका भित्रका जेष्ठ नागरिक, अति गरिब, असहाय हरुलाई स्वास्थ्य सेवा केन्द्रहरु बाट दिईने सम्पूर्ण सेवाहरु निःशुल्क उपलब्ध गराईने छ ।

## ९) आयुर्वेद नीति

क. आयुर्वेद सेवा कार्यक्रमलाई समय सापेक्ष विस्तार गरी सबैला आयुर्वेद औषधालयका लागि उपयुक्त जग्गा छनौट गरी भवन निर्माण गरिने छ ।

ख. प्रत्येक वडामा आयुर्वेद, योग, ध्यान बाट नसर्ने रोग न्यूनीकरण गर्नका लागि नागरिक आरोग्य कार्यक्रम संचालन निर्देशिका २०४६ लागु गरिने छ ।

## १०) महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग विकास नीति

क. महिलाहरुको समुह गठन, समिति गठन, निगरानी समुह गठन संस्था परिचालन गरिनेछ ।

ख. महिला समुह, समिति संस्थाका सदस्यहरुलाई आर्थिक सशक्तिकरण, सामाजिक सशक्तिकरण गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।

ग. महिला हिंसा बिरुद्ध न्यायिक समितिले अझै कडाईका साथ निर्णय गर्ने व्यवस्था गरिनेछ ।

घ. बालमैत्री स्थानीय शाषण कार्यानवयन निर्देशिका, २०७८ अनुसार बालश्रम र बालविवाह मुक्त स्थानीय तह बनाइनेछ ।

ङ. बालबालिका सम्बन्धि ऐन, २०७५ ले व्यवस्था गरे अनुसार स्थानीय तहमा बाल संरक्षण तथा सम्वर्धन कार्यविधि निर्माण गरी बाल अधिकार समिति गठन, परिचालन, बाल कोषको स्थापना तथा बाल कल्यान अधिकारको नियुक्ति र परिचालन, समाजसेवी र बालमनोविज्ञको सूचीकरण र आवश्यकता अनुसार परिचालन लगायहका बाल संरक्षण प्रणाली सुनिश्चित गरिनेछ ।

च. टोल, वडा स्तर देखि नै प्रभावकारी तथा अर्थपूर्ण बाल सहभागिता सहित बाल भेलाको आयोजना गरी बालबालिकाले प्रदान गरेका सुझाव अनुसार योजनाहरु निर्माण गरिनेछ ।

छ. स्थानीय तह अन्तर्गत र स्थानीय तहको भुगोलभित्र रहेका सबै सेवा प्रदायक कार्यालयहरुमा बालमैत्री कक्षा वा सम्पर्क एकाफ, स्तनपान कक्ष र सेवा प्रदायक कार्यालय तथा सार्वजनिक स्थलहरुमा बालमैत्री शौचालयको व्यवस्था गरिनेछ ।

ज. वर्षमा कम्तिमा २ पटक प्रत्येक वडा स्तरीय निःशुल्क बाल स्वास्थ्य परीक्षण कार्यक्रम संचालन गरिनेछ ।

झ. बालमैत्री आचालसंहिता, बालबालिका बस्तुगत विवरण (प्रोफाइल) का साथै बालबालिकाको लागि लगानी योजना निर्माण गर्ने एवं बालबालिकासँग सम्बन्धित नीति, नियम र योजनाहरुको तर्जिमा गरी कार्यान्वयन गरिनेछ ।

ञ. विभिन्न महामारीका असरबाट बालबालिकालाई जोगाउन तथा न्यूनीकरण गर्न, वैकल्पिक शिक्षा, सेवा प्रवाह, बालमैत्री, किशोरीमैत्री, अपाङ्गतामैत्री, मनोपरामर्श र आइसोलेसन सहितको व्यवस्था गरिनेछ ।

ट. अपाङ्गता परिचयपत्रको लागि आवेदन दिन अनलाइन दर्ता प्रणाली, अपाङ्गताको प्रकार तथा गम्भीरताको स्वःमापन गर्नको लागि निवेदनको व्यवस्था गरिने तथा सबै प्रकारको अपाङ्गता भएका व्यक्तिको विवरण सहज रुपमा प्राप्त गर्नसकिने प्रणालीको विकास गरिनेछ ।

ठ. विद्यालय व्यवस्थापन समिति र स्वास्थ्य समितिमा बाल सहभागितालाई प्रोत्साहन गरिनेछ ।

ड. बालबालिका, किशोरी, यिवा, अपाङ्गता भएका व्यक्तिहरुसँग नगर प्रमुख, उपप्रमुख वा जनप्रतिनिधि, बालिका सशक्तिकरण कार्यक्रम, बालबालिकाको आत्मरक्षा सम्बन्धि तालिम, खेलकुदमा बालबालिका र युवाहरु लगायतका विभिन्न अभियानमूलक कार्यक्रमहरुको व्यवस्था गरिनेछ ।

ढ. विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताहरुको पूर्ती गरिनेछ ।

ण. बालबालिकाको अधिकारको उलङ्घन गरेमा वा अभिवावकले बालबालिका प्रतिको दायित्व पूरा नगरेमा, सो अधिकारको प्रचलन वा दायित्व पूरा गराउनको लागि न्यायिक समिति मार्फत पीडितका निवेदनका आधारमा कारवाही गराइनेछ ।

त. जेष्ठ नागरिकहरुको तथ्याङ्क संकलन र प्रोफाइल तयार गरी समन्वय तथा सहजिरकण गराइनेछ ।

थ. जेष्ठ नागरिकहरुको हक अधिकार संरक्षण सम्बन्धि सचेतना जागरण गराइनेछ ।

द. नगरपालिकाका वडा-वडामा जेष्ठ नागरिकहरुको लागि संरक्षण कोष स्थापना गराइनेछ ।

ध. अन्तरपुस्ता सिप हस्तान्तरण आदि लगायता गतिविधिहरु संचालन गराइनेछ ।

## ११) सहकारी सम्बन्धी नीति

क. नगर क्षेत्रका सहकारी संस्थाहरुको तथ्याङ्क संकलन गरी अभिलेखीकरण कार्य गरिने छ ।

ख. सहकारी संस्थाको दर्ता अनुमति तथा नियमन कार्यलाई व्यवस्थित गरिने छ ।

ग. कानुन विपरीत संचालनमा रहेका सहकारी संस्थाहरुको दर्ता खारेज गरिने छ ।

घ. सहकारी संस्थाहरुको एकीकरणका लागि प्रोत्साहित गरिने छ ।

ङ. सहकारी संस्थाको क्षमता वृद्धिका लागि नेफस्कूनको सहकार्यमा तालिमहरु सञ्चालन गरिने छ ।

**१२) न्याय सम्पादन सम्बन्धि नीति**

क. यस नगरपालिकाबाट हुने न्याय सम्पादन अझ बढी प्रभावकारी ढंगबाट संचालन गर्नका लागी आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

ख. न्यायीक समितिलाई न्यायालयबाट आवश्यक तालिम दिने व्यवस्था मिलाईनेछ ।

ग. न्यायपालिकालाई साधनस्रोत सम्पन्न बनाई बिचाराधिन मुद्दा शिघ्र फर्छ्यौट गराइनेछ ।

घ. प्रत्येक वडामा मेलमिलाप समिति गठन तथा परिचालन गरिनेछ ।

**१३) शिक्षा, युवा तथा खेलकुद नीति**

१. <u>शैक्षिक पूर्वाधार विकास कार्यक्रम</u>

क. विद्यालय भवन निर्माण, मर्मत तथा स्तरोन्नति (प्राथमिकदेखि माध्यमिकसम्म)

ख. बाल विकास केन्द्र )ECD) थप स्थापना र गुणस्तरीय सामग्री वितरण

ग. शौचालय, पिउनेपानी, हात धुने ठाउँ, छात्रावास सुविधा (विद्यार्थीमैत्री वातावरण)

२. <u>गुणस्तरीय शिक्षा प्रवर्द्धन कार्यक्रम</u>

क. शिक्षक तालिम तथा क्षमता अभिवृद्धि पाठ्यपद्धति), ICT आधारित सिकाइ(

ख. विद्यालय निरीक्षण तथा अनुगमन प्रणाली सुदृढीकरण

ग. नतिजामूलक शिक्षाका लागि सिकाइ उपलब्धि परीक्षण कार्यक्रम )Class-wise learning outcome test)

३. <u>डिजिटल शिक्षा प्रवर्द्धन कार्यक्रम</u>

क. स्मार्ट कक्षा )Smart Class) को स्थापना लर्निङ—ई), डिजिटल बोर्ड, प्रोजेक्टर(

ख. कम्प्युटर तथा इन्टरनेट पहुँच विस्तार )ICT सामग्री विद्यालयमा वितरण(

ग. डिजिटल साक्षरता तालिम (विद्यार्थी र शिक्षक दुवैलाई)

४. <u>छात्रवृत्ति तथा समावेशी शिक्षा कार्यक्रम</u>

क. दलित, जनजाति, गरिब तथा जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्ति कार्यक्रम

ख. अपाङ्गता भएका बालबालिकाका लागि विशेष शिक्षाको प्रवर्द्धन

ग. माध्यमिक शिक्षामा छात्रवृत्ति र पोषण (मिड डे मील/निःशुल्क खाजा) कार्यक्रम

५. <u>विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम</u>

क. पोषणयुक्त खाजा वितरण (सम्म ५ देखि १ कक्षा)

ख. विद्यालय स्वास्थ्य परीक्षण कार्यक्रम १ सालमा)—२ पटक(

ग. किशोरी लक्षित मासिक धर्म स्वच्छता कार्यक्रम

६. <u>विद्यालय बाहिर रहेका बालबालिका कार्यक्रम (Out-of-school Children Program)</u>

क. घरमै गई पठन) प्रेरणा दिने कार्यक्रम/Back-to-School Campaign)

ख. विद्यालय नजाने बालबालिकाको पहिचान र नाम दर्ता कार्यक्रम

ग. अभिभावक सचेतना कार्यक्रम विद्यालय पठाउने), बालविवाह रोकथाम आदिमा(

७. <u>अभिभावक र समुदाय साझेदारी</u>

क. विद्यालय व्यवस्थापन समिति )SMC) र अभिभावक शिक्षक संघ) PTA) सक्रियता कार्यक्रम

ख. सामुदायिक सिकाइ केन्द्रहरू सञ्चालन )Adult Education, Lifelong Learning)

ग. बालमैत्री वातावरण निर्माणमा अभिभावक सहभागिता प्रवर्द्धन

घ. विद्यालय स्तरमै स्वरोजगार तथा उद्यमशिलता तालिम समावेश

९. <u>शिक्षा क्षेत्रमा सुशासन कार्यक्रम</u>

क. शैक्षिक बजेटको पारदर्शिता र सामाजिक लेखापरीक्षण

## १४) वन, वातावरण, फोहरमैला तथा विपद् व्यवस्थापन सम्बन्धी नीति

क. नगर क्षेत्रमा पर्ने जोखिमयुक्त बस्ती, नदी कटान क्षेत्र, डुबान क्षेत्र र आगलागी सम्भावित क्षेत्रहरूको नक्साङ्कन गरी न्यूनिकरणका लागि पहल३ गरिनेछ।

ख. नगरस्तरीय विपद् व्यवस्थापन समिति (LDMC) को क्षमता अभिवृद्धि तथा नियमित बैठक सञ्चालन। वडा स्तरमा विपद् व्यवस्थापन उप-समिति गठन गरी विपद् सम्बन्धी सूचना प्रवाह र प्रतिकार्य सुनिश्चित गरिनेछ।

ग. बाढी, डुबान, आगलागी र चट्याङ सम्बन्धी पूर्वचेतावनी प्रणाली (Early Warning System) को स्थापना गरिनेछ । विद्यालय, आमा समूह, युवा क्लब तथा जनप्रतिनिधिहरूलाई विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यको तालिम संचालन गरिनेछ ।

घ. बाढी प्रभावित क्षेत्रहरूमा उचाइयुक्त शरण स्थल (Elevated Shelter) निर्माण गरिनेछ। वर्षेनी डुबान प्रभावित क्षेत्रमा जलनिकास सुधार, नाला सरसफाइ र अवरोध हटाउने कार्यक्रमहरु गरिनेछ।

ङ. विपद् पश्चात प्रभावित परिवारलाई राहत वितरणको मापदण्ड अनुसार तुरुन्त राहत वितरण गर्ने व्यवस्था गरिनेछ। क्षति मूल्यांकन प्रणाली निर्माण गरी पारदर्शी रूपमा राहत तथा क्षतिपूर्ति वितरण गरिनेछ ।

च. वन नजिकका बस्तीहरूमा घेरबार, सोलार लाइट, त्रास उपकरण जडान गरिनेछ। पशुपालन तथा बाली बीमा प्रणाली प्रवर्द्धन गर्न व्यवस्था मिलाइनेछ ।

छ. फोहर व्यवस्थापनका लागी ल्याण्डफिल्ड साईट पहिचान र गुरु योजना तयार गरिनेछ ।

ज. स्वास्थ्य संस्थाबाट गुणस्तरीय स्वास्थ्य सेवाको यकिन गर्न अस्पताल जन्य फोहर व्यवस्थापन लाई व्यवस्थित र सुदृढिकरण गरिनेछ ।

झ. विकास निर्माणको कार्यमा वातारणिय पक्षको मुल्याङ्कनलाई समेत समावेश गरिनेछ ।

ञ. नगर भित्र रहेका खोला प्रवर्द्धन ,बगरहरुलाई संरक्षण ,तलैया-ताल ,खोल्सी- गरिने छ ।

## १५) भुमि व्यवस्थापन तथा भवन नियमन नीति

क. नगर क्षेत्र भित्रको तथ्याङ्क अध्यावधिक गर्ने कार्य सम्पन्न गरी योजना निर्माण सँग आवद्ध गरिनेछ ।

ख. राष्ट्रिय भवन निर्माण संहिता भवन निर्माण सँग सम्बन्धित मापदण्डहरु , कार्यान्वयनमा ल्याईनेछ ।

ग. भुलबस छुटेको कभ-उपयोग र जग्गा वर्गीकरण सम्बन्धि कार्य सम्पन्न गरिनेछ ।

घ. सार्वजनिक जमिनमा भएको अतिक्रमण हटाउन विशेष अभियान सञ्चालन गरिनेछ ।

ङ. कृषि योग्य जग्गा तथा सार्वजनिक जग्गा, पोखरी, पर्ती, खोलानाला, इत्यादीको संरक्षण र सदुपयोग गरिनेछ ।

च. भुमिहिन, दलित, सुकुम्बासीहरुका लागि बसोबासको व्यवस्था गरिनेछ ।

छ. भुमिको उचित प्रयोग गर्न भु-उपयोग योजना कार्यान्वयन गरिनेछ ।

ज. भुमिको नाप जाँच तथा जग्गाको व्यवस्थापनमा आधुनिक प्रविधिको प्रयोग गरिनेछ ।

## १६) पोषण नीति

क. सबैला नगरपालिकाले महिला, किशोरी र वालवालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउन नेपाल सरकारको प्राथमिकता प्राप्त बहुक्षेत्रिय पोषण योजनालाई प्राथमिकताका साथ यस पालिकामा कार्यन्वयन गरीरहेकोमा, आगामी आ.व.वाट यस स्थानिय तहमा विषयगत तथा क्षेत्रगत क्रियाकलापहरु तय गरि पोषण तथा खाद्य सुधारको लागि तोकिएको क्रियाकलापहरु सञ्चालन गरिने छ ।

ख. बहुक्षेत्रिय पोषण योजना अन्तरगत पोषणमैत्री स्थानिय शासन (Nutrition Friendly Local Governance NFLG) अवलम्बन गर्न र आगामि आर्थिक वर्षमा यस पालिकालाई पोषणमैत्री स्थानिय तह घोषणाका लागि विशेष अभियान सञ्चालन गरि पोषणमैत्री स्वास्थ्य सस्था तथा वडा घोषणा कार्यक्रम सञ्चालन गरिने छ ।

ग. बहुक्षेत्रिय पोषण योजनाले निदृश्ट गरेका उपलब्धि तथा प्रतिफल प्राप्तिको लागि संघिय र प्रदेश सरकारका साथ स्थानिय तहले विषयगत शाखा र साझेदार निकायहरुसंग मिलेर पोषण लक्षित र संवेदनशिल किंयाकलापहरू सञ्चालन गरिनेछ र महिला वालवालिका लक्षित कार्यक्रमहरु जस्तै- सुत्केरी स्याहार प्रोत्साहन वितरण, गर्भवति तथ सुत्केरी आमा सम्मान कार्यक्रम, पोषण तथा स्वास्थ्य क्षेत्रमा योगदान पुर्याउने महिला स्वास्थ्य स्वयंमसेविका संम्मान

कार्यक्रम, वाल पोषण अनुदान पुर्ण सरसफाइ अभियान वालविवाह विरुद्ध अभियान पुर्ण खोप सुनिश्चतता वालमैत्री स्थानिय शासन कार्यक्रमहरु बहुक्षेत्रिय पोषण योजनामा समावेश गर्दै लगिने छ ।

घ. पोषण अवस्थामा सुधार ल्याउन पोषण लेखाजोखा समुदाय स्तरमा मासिक रुपमा सञ्चालन गरि कुपोषणको अबस्थालाई समयमा नै स्क्रिनिङ गरि उपचार ब्यवस्थापन गरिने ब्यवस्था मिलाईने छ । साथै आवश्यकता अनुसार स्वास्थ्य संस्थाहरुमा ओ.टी.सी. केन्द्रहरु स्थापना गरिने छन ।

ङ. पुर्ण सरसफाइ टोल घोषणालाई विस्तार गर्दै पूर्ण सरसफाइ यूक्त वडा घोषणाका लागी आवश्यक पहल गरिने छ । वालविवाह न्युनिकरणका लागि आवश्यक विध्यालय तथा समुदायमा सचेतनाका कार्यक्रमहरु सञ्चालन गरिने छ । साथै सुनौला १००० दिनका महिलाहरुको पोषण सुधारका लागी अध्यक्ष र उपाध्यक्ष सँग कोशेली कार्यक्रम पनि संचालन गरिनेछ ।

च. पोषण मैत्री स्वास्थ्य संस्था घोषणाका साथै पोषण मैत्री वडा घोषणाका लागी आवश्यक कृयाकलाप सञ्चालन गर्नका साथै आगामी तिन वर्षमा पोषण मैत्री पालिका घोषणाका लागी पहल गरिने छ ।

छ. बहुक्षेत्रिय पोषण योजनाले तोके अनुसार पालिका र वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा समितिको संस्थागत र क्षमता विकासमा जोड दिई योजनाहरुलाई प्रभावकारी रुपमा कार्यन्वयन साथै अनगमन गरिनेछ ।

**१७) विविध नीती**

क. निर्माण आयोजनाहरुको हकमा गुणस्तर परिक्षण अनिवार्य गरिनेछ ।

ख. हिउँदे नगर सभा अगावै योजनाहरुको सम्झौता गर्ने कार्य सम्पन्न गरिनेछ ।

ग. नगरपालिकालाई आवश्यक पर्ने ऐन कार्यविधि तर्जुमा ,निर्देशिका ,नियम , गरिनेछ ।

घ. जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषा सँग समन्वय गरी विरेन्द्र बजार-महिनाथपुर सडक खण्डको विभिन्न स्थानमा ट्राफिक प्रहरी विट स्थापनाको लागी पहल गरिने छ ।

ङ. यस नगरपालिका भित्र हुदै आएको अपराधिक क्रियाकलाप नियन्त्रण तथा रोकथाम गर्न इलाका प्रहरीको समन्वयमा सबैला नगरपालिकाको आवश्यक ठाउँहरुमा सिटि.सि..भी प्रणाली जडान गरिने छ ।

**सभाका सदस्यज्यूहरु**

उल्लेखित निति तथा कार्यक्रम कार्यान्वयनको लागी आ.व. २०८२।०८३ का लागी अनुमानित बजेटको संक्षिप्त खाका यस प्रकार रहेको छ ।

| क्र.स. | शिर्षक | अनुमानित रकम |
|---|---|---|
| | **संङ्घीय सरकार** | |
| १ | राजस्व बाँडफाँड | १२२००७८१२(बाह्र करोड बिस लाख सात हजार आठ सय बाह्र रुपैया) |
| २ | समानिकरण अनुदान | १३५००००००(तेह्र करोड पचास लाख ) |
| ३ | सशर्त अनुदान | २४०९०००००(चौबिस करोड नब्बे लाख) |
| ४ | विशेष अनुदान | |
| ५ | समपुरक अनुदान | |
| | जम्मा | ४९७९०७८१२(उन्नचास करोड उन्नानअसी लाख सात हजार आठ सय बाह्र रुपैया) |
| | **प्रदेश सरकार** | |
| १ | राजस्व बाँडफाँड | ७०४५९६०(सत्तर लाख पैतालिस हजार नौ सय साठी रुपैया) |
| २ | समानिकरण अनुदान | ९३९५०००(त्रियान्नबे लाख पन्चान्नबे हजार) |
| ३ | सशर्त अनुदान | |
| ४ | विशेष अनुदान | |
| ५ | समपुरक अनुदान | |
| | जम्मा | १६४४०९६०(एक करोड चौसठी लाख चालिस हजार नौ सय साठी रुपैया) |

| | | |
|---|---|---|
| १ | आन्तरीक श्रोत (मौज्दात समेत) | ११००००००० (एघार करोड) |
| २ | नगरपालिका तर्फ यस वर्षको अनुमानित आम्दानी | २०००००००० (दुई करोड) |
| | **कुल जम्मा** | ६४४३४८७७२ (चौसठ्ठी करोड त्रीचालिस लाख अर्चालिस हजार सात सय बहत्तरी रुपैया मात्र) |

प्रस्तुत निति तथा कार्यक्रम र सो को आधारमा नगरपालिकाका अभियानहरु र आयोजनाहरु समेतलाई पुरा गर्न सबैला नगरपालिकाको चालु आ.व. २०८१।०८२ मा सम्पन्न हुन नसकेका नगरस्तरीय, वडास्तरीय र विषयगत योजनाहरुलाई आगामी आ.व. २०८२।०८३ मा सम्पन्न गर्न सोही अनुसार बजेट विनियोजन गरिएको छ । साथै अन्य विभिन्न विषयगत निकाय तथा साझेदारीबाट प्राप्त बजेट पनि कार्यक्रमकै आधारमा खर्च गर्ने व्यवस्था मिलाईने छ ।

**आदरणीय उपस्थित सम्पूर्ण नगर सभाका सदस्यज्यूहरु**

नगरपालिकाले आर्थिक वर्ष २०८२।०८३ को लागी प्रस्ताव गरेको बजेटको विनियोजन विधयक लगायतका आवश्यक विधयकहरु नगर सभामा पेश भई स्वीकृत गर्ने भएको हुँदा सारांस मात्र गरेको जानकारी गराउन चाहन्छु । निति तथा कार्यक्रमको दस्तावेज तयार गर्नु आफैमा महत्वपूर्ण कार्य हो तर त्यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिएन भने त्यसको कुनै अर्थ रहदैन । तसर्थ निति तथा कार्यक्रम कार्यान्वयनको प्रभावकारी व्यवस्था मिलाई जनताले राहत महशुस गर्ने व्यवस्था मिलाईने छ । त्यसको लागी नगरपालिका सँग सम्बद्ध सबैको सार्थक सहयोग आवश्यक पर्दछ । नगरपालिकाले आम नगरवासी, सरोकारवाला निकाय, प्रदेश तथा संघीय सरकारबाट यसको अपेक्षा गरेको समेत सम्मानित नगर सभामा राख्न चाहन्छु ।

**अन्तमा,**

तेह्रौं नगर सभाको तयारीको प्रारम्भिक चरण देखी अहोरात्र खट्ने राष्ट्र सेवक कर्मचारीहरु, जनप्रतिनिधिहरु, विभिन्न विषयगत समिति तथा सार्थक सहयोग गर्नु भएका सबैमा म र सबैला नगरकार्यपालिकाको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु । आगामी दिनमा समेत सबैको समान सहभागिता र सहयोग रहनेछ छ भन्ने आशा, विश्वास र भरोसा राख्दै निति तथा कार्यक्रम सारांश प्रस्तुति यही समाप्त भएको जानकारी गराउछु ।

धन्यवाद !

कारीराम यादव
नगर प्रमुख
सबैला नगरपालिका